# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७७/०७८
च.नं. ४५०

मिति २०७७।०५।०५

**राप्ती नगरपालिका चितवनको हार्दिक अपिल**

राप्ती नगरपालिका समेत सम्पूर्ण चितवन जिल्लामा COVID – 19 को संक्रमण दिनानुदिन अत्याधिक बढ्दै गएकोले जिल्ला प्रशासन कार्यालय चितवनद्धारा मिति २०७७।०५।०१ देखि लागु गरेको निषेधित क्षेत्रको अवधि मिति २०७७।०५।१२ सम्म थप गरिएकोले निषेधित क्षेत्रमा पालना गर्नुपर्ने उल्लेखित शर्त तथा नियमहरु पूर्ण रुपमा पालना गरी कोभिड-१९ को संक्रमणबाट आफु बच्न र अरुलाई पनि बचाउन सहयोग गर्न सम्पूर्ण नगरबासीहरुमा हार्दिक अपिल गर्दछु ।

**निषेधाज्ञामा सञ्चालन गर्न पाइने क्रियाकलापहरु :-**

- दमकल, एम्बुलेन्स, औषधी पसल, अस्पतालहरु, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, इन्धनका ट्याङ्कर, पशुपंक्षीका दाना ढुवानी गर्ने साधन, अत्यावश्यक काममा खटिने कर्मचारी, राजमार्गमा चल्ने मालबाहक सवारी साधन र अन्य अनुमित लिएका सवारी साधन, पेट्रोल पम्प (निर्वाध रुपमा)
- दुध डेरी, फलफूल, तरकारी, पानी, खाद्यान्न पसल, ग्यास डिपो तथा अन्य अत्यावश्यक सेवा प्रवाह गर्ने निकायहरु तोकिएको समय बमोजिम ।

**निषेधाज्ञामा सञ्चालन गर्न नपाइने क्रियाकलापहरु :-**

- शैक्षिक संघ संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरु
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनारहरु
- सबै प्रकारका प्रदर्शन, भेला, सम्मेलन, चलचित्र भवन, पार्टी प्यालेस, डान्सबार, होटल रेष्टुरेन्ट तथा मनोरञ्जन स्थल, पुस्तकालय, स्वीमिङ पुल, जिमखाना, सपिङ मल, धार्मिक क्रियाकलाप, राजमार्ग तथा अन्य सडकहरुमा सवारी अनुमति बिनाका सबै प्रकारका सवारी साधनहरु, उद्योग कलकारखाना, सबै प्रकारका पसलहरु ।

मिति : २०७७ भदौ ५ गते ।

प्रभा बराल (पौडेल)
प्रमुख

प्रभा बराल (पौडेल)
प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७७।०७८
चलानी नं :

मिति: २०७७।०५।०५

## कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जारी निषेधाज्ञाको आदेश निरन्तरता सम्बन्धी जरुरी सूचना

जिल्ला भित्र कोभिड १९ को संक्रमणलाई रोकथाम र नियन्त्रण गर्ने उद्देश्यले मिति २०७७।०४।३२ गते राति १२:०० बजे देखि २०७७।०५।०५ गते राति १२:०० बजे सम्मका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम माडी नगरपालिका बाहेक अन्य सबै स्थानीय तहहरुमा लागु हुने गरी निषेधाज्ञाको आदेश जारी भएको व्यहोरा विदितै छ । जिल्लामा संक्रमण बढ्दै गएकोले संक्रमण रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी गराउन मानिसहरुको आवतजावत तथा जमघटलाई नियन्त्रण गर्न सो निषेधाज्ञाको आदेश जिल्लाभर लागु हुने गरी मिति २०७७।०५।१२ गते राति १२:०० बजे सम्मका लागि निरन्तरता दिइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आदेशको अवज्ञा हुने कुनै पनि कार्य गरे गराईएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

निषेधाज्ञा जारी भएका क्षेत्रमा रोक लगाईएका कार्यहरुः

१. अत्यावश्यकीय खाद्य सामाग्री खरिद गर्न विहान ५:००-८:०० बजे सम्म र बेलुका ५:००-८:०० सम्म (अत्यावश्यक खाद्य सामाग्री खरिद गर्न नजिकैको पसलमा पैदल हिँडेर मात्र जाने गरी) बाहेक कुनै व्यक्ति घर बाहिर निस्कन र हिंडडुल गर्न ।

२. लामो दूरीका मालवाहक ढुवानीका साधन, दमकल,एम्बुलेन्स, शव वाहन, तरकारी, फलफूल तथा दुध ढुवानीका लागि प्रयोग भएका सवारी साधन, पशुपंछीको दाना बोक्ने सवारी साधन, खानेपानी र इन्धन ढुवानीका लागि प्रयोग हुने ट्यांकर, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन र अत्यावश्यक कार्यका लागि प्रयोग हुने जिल्ला प्रशासन कार्यालयबाट अनुमति प्राप्त सवारी साधन बाहेक सबै प्रकारका नीजि तथा सार्वजनिक सवारी साधन (दुई पाङ्ग्रे समेत) संचालन गर्न ।

३. अत्यावश्यकीय खाद्य पसल (विहान ५:००-८:०० बजे सम्म र बेलुका ५:००-८:०० सम्म), पेट्रोल पम्प, ग्यास डिपो र औषधी पसल बाहेक सम्पूर्ण व्यापार व्यवसाय संचालन गर्न ।

४. स्वास्थ्य संस्था र अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालय बाहेक अन्य सरकारी कार्यालहरु, गैर सरकारी संघसंस्था, बैंक तथा वित्तीय संस्था एवं सहकारीबाट प्रदान गर्ने सेवाहरु ।

५. धार्मिक, संस्कृतिक र सामाजिक (विवाह, ब्रतबन्ध) लगायतका भेला जमघट हुने कार्य सञ्चालन गर्न ।

पुनश्चः नेपाल सरकारले जारी गरेको जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूर्ण पालना गरी उद्योग परिसर भित्रै वा निश्चित स्थानमा क्वारेन्टिनको व्यवस्था गरी बाहिर आवतजावत नगर्ने गरी उद्योग संचालन गर्न सकिने छ ।